सुनिलस्मृति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा
लुम्बिनी, प्रदेश, नेपाल

# शुभ-कामना सन्देश

हिन्दुहरुको महान चाड विजया दशमी, शुभ दिपावली तथा छठ पर्व २०७७ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाई, दिदिवहिनि तथा आमा बुवाहरुमा मेरो व्यक्तिगत र गाउँपालिकाको तर्फबाट हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

हाल विश्वभर महामारीकोरुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को विषम परिस्थितीमा पछिल्लो समय नेपालमा पनि उक्त भाईरस समुदायस्तरमा फैलिदै गईरहेको हामि सवैलाइ अवगत नै छ । यस जटिलपूर्ण अवस्थामा कोभिड-१९ को संक्रमणबाट आफु पनि बच्न र अरुलाई पनि बचाउन कोरोना भाईरस (कोभिड-१९) को रोकथाम तथा नियन्त्रणका लागि व्यक्तिगत तथा सामाजिक सतर्कता तथा संघ, प्रदेश, स्थानीय सरकारले अवलम्वन गरेका रोकथाम तथा नियन्त्रणका स्वास्थ्य मापदण्डहरुको पूर्ण पालना गरी स्वास्थ्य प्रति सचेत रहदै सम्भव भए सम्म यथास्थानमा नै रहि सामाजिक संजाल, फोन र म्यासेजको प्रयोग गर्दै शुभकामना तथा आशिर्वाद आदान प्रदान गर्दै र अरुको देखावटीमा भन्दा पनि आफ्नो दक्ष अनुसार चाडपर्व मनाउनुहुन हार्दिक अनुरोध गर्दछु । साथै यस सुनिलस्मृति गाउँपालिका अन्तर्गत चाडपर्वको वेला अनावश्यक भिडभाड, मेला, उत्सव, जात्रा, भेला नगर्नुहुन तथा व्यक्तिगत स्वास्थ्य सुरक्षाका उपायहरु अपनाइ सामाग्रीहरु खरिद गर्नुहुन अनुरोध गर्दछु । विषम परिस्थितीमा अहोरात्र आफ्नो कर्तव्य र जिम्मेवारीमा लाग्नुहुने जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा यस सुनिलस्मृति गाउँपालिकालाई कोरोना भाईरस रोकथाम तथा नियन्त्रणमा सहयोग पुऱ्याउनुहुने विभिन्न राजनैतिक दल, संघ संस्था, शिक्षक, वुद्धिजिवि, युवा क्लव, समाजसेवी, रेडक्रस, उद्योग वाणिज्य संघ, होटल व्यवसाय संघ, व्यापारी, आमा समुह तथा सम्पूर्ण सुनिलस्मृति गाउँपालिका वासीहरुको योगदानको उच्च कदर गर्दै विश्व मानवजातीको नै सु-स्वास्थ्यको कामना गर्दछु ।

यस विषम परिस्थितीमा सामाना गर्न नेपाल सरकारबाट जारी गरिएका स्वास्थ्य मापदण्डका उपायहरु पूर्णरुपमा पालना गरी सुरक्षित तवरबाट मनाउनुहुन हार्दिक अनुरोध गर्दछु ।

०६ कार्तीक २०७७

(गुणेन्द्र घर्ती)
अध्यक्ष
गुणेन्द्र घर्ति
अध्यक्ष

ईमेल : ssrminfo@gmail.com|ito.sunilsmritirm@gmail.com । टोल फ्रि नं : १६६०८६४४२५०